# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (संशोधन सहित) को नियम ४९ को उपनियम ३(क) अनुसार पूर्णकालिन सेवारत चार्टर्ड एकाउन्टेन्ट सदस्यको पेशागत प्रमाणपत्र स्थगित रहने व्यहोरा सबैलाई अवगतै छ । पेशागत प्रमाणपत्र लिएका चार्टर्ड एकाउन्टेन्ट सदस्यले परामर्शदाताको कार्यक्षेत्र अन्तर्गत पुर्णकालिन रुपमा निरन्तर रही बढीमा ३ महिना मात्र परामर्श सेवा दिन सक्ने समेत व्यवस्था रहेकोमा सो अवधी भन्दा बढी दिनुपर्ने भएमा सो अवधीका लागि निजले आफ्नो पेशागत प्रमाणपत्र स्थगनको लागि संस्थामा निवेदन दिनुपर्ने प्रावधान समेत रहेको छ । तसर्थ पुर्णकालिन सेवामा रहेका वा ३ महिना भन्दा बढी अवधीको परामर्श सेवामा संलग्न हुँदा आफ्नो पेशागत प्रमाणपत्र स्थगनमा राख्न सबै चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुलाई अनूरोध गरिन्छ । यसरी पुर्णकालिन सेवामा रहेका वा ३ महिना भन्दा बढी अवधीको परामर्श सेवामा संलग्न चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुले आफ्नो पेशागत प्रमाणपत्र स्थगन गरेको नपाइएमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन /नियम/आचार संहिता /निर्देशन अनूसार कारवाही गरिने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
**The Institute of Chartered Accountants of Nepal**
***(Established Under the Nepal Chartered Accountants Act, 1997)***
**Babarmahal, Kathmandu, Nepal,**
**PO Box: 5289, Tel: 4258569, 4269130, 4255668, Fax: 4258568**
***E-mail: ican@ntc.net.np, Website: www.ican.org.np***